# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) धनगढी, नेपाल, वैशाख २ गते, २०८३ साल (अतिरिक्ताङ्क १

## भाग १

## सुदूरपश्चिम प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानुन मन्त्रालयको

### सूचना

नेपालको संविधान बमोजिम सुदूरपश्चिम प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको ऐन**



**प्रस्तावना:** सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ मा संशोधनः** सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ८ को,-

(१) उपदफा (३) झिकिएको छ।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (२) बमोजिम पेस गरेको प्रतिवेदन तथा दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा मूल्याङ्कन गरी उपयुक्त देखिएमा स्थानीय तहको कार्यपालिकाले सङ्गठन संरचना वा दरबन्दीको प्रस्ताव स्वीकृत गरी गाउँसभा वा नगरसभामा पेस गर्नु पर्नेछ।"

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (४) बमोजिम पेस भएको संगठन संरचना वा दरबन्दीको प्रस्ताव गाउँसभा वा नगरसभाबाट स्वीकृत भएपछि सम्बन्धित स्थानीय

तहले स्वीकृत दरबन्दी बमोजिमको पद प्रदेश किताबखानामा दर्ताका लागि पठाई सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।"

(४) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-

"(५क) उपदफा (५) बमोजिम स्थानीय तहले पठाएको सङ्गठन संरचना वा दरबन्दी प्रस्ताव मापदण्ड अनुरुप देखिएमा प्रदेश किताबखानाले दर्ता गरी सोको जानकारी सम्बन्धित स्थानीय तह, मन्त्रालय, आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिनु पर्नेछ।"

(५) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) स्थानीय तहले यस ऐन बमोजिम सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्दा सम्बन्धित स्थानीय तहमा रहने प्रमुख प्रशासकीय अधिकृतको तहभन्दा माथिल्लो तहको पद रहने गरी स्वीकृत गर्नु हुँदैन।"

३. <u>मूल ऐनको दफा ९ मा संशोधन</u>: मूल ऐनको दफा ९ को,-

(१) उपदफा (१) मा रहेका "यसरी तहमिलान भएको तहको ज्येष्ठता नियुक्ति भएको मिति देखि लागु हुनेछ।" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (२) मा रहेका "यसरी तहमिलान भएको पदको ज्येष्ठताको गणना छैटौं तहमा नियुक्ति भएको मिति देखि लागु हुनेछ।" भन्ने शब्दहरू झिकिएका छन्।





(३) उपदफा (३) को ठाउँ ठाउँमा रहेका "पाँचौं" भन्ने शब्द पछि "छैटौं" भन्ने शब्द थप गरिएको छ।

(४) उपदफा (३) मा रहेको "यसरी तहमिलान भएको पदको ज्येष्ठताको गणना नियुक्ति भएको मिति देखि लागु हुनेछ।" भन्ने शब्दहरू झिकिएका छन्।

(५) उपदफा (८) पछि देहायका उपदफा (९), (१०) र (११) थपिएका छन्:-

"(९) तहमिलान गर्दाको समयमा निलम्बनमा रहेको वा विभागीय सजाय पाइरहेको कर्मचारीको हकमा सो अवधिभर यस दफा बमोजिम तहमिलान गरिने छैन।

(१०) मूल ऐन जारी भएपश्चात यस दफा बमोजिम भएको तहमिलानको हकमा यसै बमोजिमको ज्येष्ठता लागु हुने गरी तहमिलान संशोधन गर्नु पर्नेछ। यो ऐन विपरित भएको तहमिलान तथा तहवृद्धि स्वतः बदर हुनेछ।

(११) यस दफा बमोजिम माथिल्लो तहमा तहमिलान भएका कर्मचारीहरूको ज्येष्ठताको गणना मूल ऐन प्रारम्भ भएको मितिदेखि लागु हुनेछ।"

४. <u>मूल ऐनको दफा १५ मा संशोधन</u>: मूल ऐनको दफा १५ को,-

(१) उपदफा (३) मा रहेका “मन्त्रालयको अनिवार्य सहमतिमा” भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (३) बमोजिम स्थानीय तहले कर्मचारी करारमा नियुक्त गरेको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।"

५. **मूल ऐनको दफा १९ मा संशोधनः** मूल ऐनको दफा १९ को खण्ड (झ) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश र खण्ड (ञ) थपिएको छः-

"तर स्थानीय स्वास्थ्य सेवाको हकमा स्वास्थ्य सेवा सम्बन्धी संघीय कानून बमोजिम हुनेछ।"

(ञ) स्थानीय स्वास्थ्य सेवाको हकमा संघीय कानून बमोजिम कुनै व्यावसायिक परिषद्मा नाम दर्ता गर्नु पर्नेमा दर्ता नभएको र नाम दर्ता नवीकरण नभएको"

६. **मूल ऐनको दफा २७ मा संशोधनः** मूल ऐनको दफा २७ को,-

(१) उपदफा (१) मा रहेको "तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर यस ऐनको दफा ९ को उपदफा (४) बमोजिम एक पटकका लागि एक तहवृद्धि कार्यान्वयन गर्न यस दफाले बाधा पर्ने छैन। यसरी तहमिलान भएको पदाधिकार साविक बमोजिम हुनेछ।"





७. **मूल ऐनको दफा २९ मा संशोधनः** मूल ऐनको दफा २९ को उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थपिएका छन्ः-

"(६) स्थानीय तहको एघारौं तहका कर्मचारीको पदावधि ५ वर्षको हुनेछ।

(७) उपदफा (६) बमोजिमको प्रावधान यो ऐन प्रारम्भ भएको मितिले १० वर्षपछि लागु हुनेछ।"

८. **मूल ऐनको दफा ३० मा संशोधनः** मूल ऐनको दफा ३० को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय स्वास्थ्य सेवाका पदमा बढुवाका लागि उम्मेदवार हुन आवश्यक शैक्षिक योग्यता स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनमा उल्लेख भए बमोजिम हुनेछ।"

९. **मूल ऐनको दफा ३८ मा संशोधनः** मूल ऐनको दफा ३८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) दफा १० को उपदफा (१) बमोजिम अधिकृत नवौं वा सो सरह वा सोभन्दा माथिको पदमा बढुवाको लागि पनि सम्बन्धित सेवा, समूह वा उपसमूहको अधिकृत सातौं तह वा सो सरहको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ।

तर स्थानीय स्वास्थ्य सेवाको हकमा बढुवाका लागि न्यूनतम शैक्षिक योग्यता स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनमा उल्लेख भए बमोजिम हुनेछ।"

१०. **<u>मूल ऐनको दफा ६८ मा संशोधन</u>:** मूल ऐनको दफा ६८ को,-

(१) उपदफा (१) मा रहेका "प्रदेश तथा" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (७) मा रहेका "६२, ६३, ६४, ६५, ६६ र ६७" भन्ने अङ्कहरूको सट्टा" ६३, ६४ र ६७" भन्ने अङ्कहरू राखिएका छन्।

११. **<u>मूल ऐनको दफा ११३ मा संशोधन</u>:** मूल ऐनको दफा ११३ को,-

(१) उपदफा (१) को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छः-

"(झ) पर्यटन बिदा"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमका बिदा बाहेक स्वास्थ्य संस्था, बारुणयन्त्र, संग्रहालय जस्ता सार्वजनिक बिदाको दिन काम गर्नुपर्ने कार्यालयमा कार्यरत कर्मचारीहरूले तोकिए बमोजिम सट्टा बिदा पाउनेछन्।"

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-





"(२क) उपदफा (१) र (२) बमोजिमका बिदा बाहेक अस्पताल, हेल्थपोष्ट लगायतका स्वास्थ्य संस्थामा काम गर्ने स्थानीय स्वास्थ्य सेवाका कर्मचारीले तोकिए बमोजिम अतिरिक्त सेवा बिदा पाउनेछन्।"

(४) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) बिदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

**आज्ञाले,**

**तेज प्रकाश जोशी**

**प्रदेश सरकारको सचिव।**



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. ५।-